२०७८ असार १ गते तथा श्रावण १६ र १७ गते मेलम्ची नदीमा आएको भिषण बाढीका कारण आयोजनाको हेडवर्क्स, मुख्य प्रवेशमार्ग, पक्किपुल तथा क्याम्पहरु पुर्ण रुपमा क्षति हुन गएको आयोजनामा प्रयोग भएका निर्माण उपकरणहरु, निर्माण सामाग्री, सवारी साधनहरु बगेर गएको आयोजनमा कार्यरत स्वदेशी तथा बिदेशी कामदारहरु समेत गरेर २४ जनाको ज्यान गएको र केही कामदारहरु घाइते भएका थिए।

मेलम्ची नदीमा आएको बाढीले स्थानीय हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकामा रहेका विभिन्न सार्वजनिक संरचनाहरु, विद्युत, संचार, खानेपानी, सिंचाई, सामुदायिक भवनहरुमा क्षति भएको तथा मेलम्ची नदी आसपासका अधिकांश बासिन्दाहरुको घर खेत, उद्योग समेत पूर्ण रुपमा क्षति भएकोले घरबार, जग्गा जमिन, उद्योग बिहिन भएका स्थानीय बासीले सरकारवाट उचित राहतको अपेक्षा सहित स्थानीय, प्रदेश, संघीय गरी तीनै तहका सरकारसँग बिभिन्न मागहरु सहितको ज्ञापनपत्र पेश गरेका थिए। ती मागहरुको पटक पटक सहमति गर्दा पनि ती मागहरुको सुनुवाई नभएकोले बाढी पिडित संघर्ष समिति खडा गरी मेलम्ची नदीको पानी काठमाडौंमा पथान्तरण गर्न नदिने अडान राख्दै आएकोले समस्या समाधानका लागि २०८१।०६।१४ गते खानेपानी मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न सरोकारवाला मन्त्रालयका पदाधिकारीहरु, बाढीपिडित संघर्ष समितिका प्रतिनिधिहरु, हेलम्बु गाउँपालिका अध्यक्ष, स्थानीय राजनितिक दलका प्रमुख, प्रतिनिधिहरु, लगायतको उपस्थितिमा बृहत छलफल भएको छ।

यस छलफलमा हेलम्बु गाँउपालिकाको २०८०।०३।०२ मा बाढी पिडितहरुको समस्या समाधानका लागि राखेका माग तथा कार्यक्रम कार्यान्वयनका सुझावहरु र २०८०।११।०१ को बाढी पिडित संघर्ष समितिको ज्ञापन पत्रमा उल्लेख भएका १७ बुँदे मागहरु र हेलम्बु गाउँपालिकाले विभिन्न समयमा गाउँपालिकाको तर्फबाट सम्मानीय प्रधानमन्त्री समक्ष बुझाउदै आएको ज्ञापन आयोजनाको पुन संचालन र सो मागहरु सम्बोधन गर्नका लागि प्रधानमन्त्रि कार्यालयको समन्वयमा *"२०७९/१०/०३ गतेको हेलम्बु गाउँपालिकाको संयोजकत्वमा गठन भएको समितिको प्रतिवेदनले गरेका सिफारिस अनुसारको कार्यहरु मध्ये राज्यबाट तत्काल प्राथमिकतामा राखि तपसिलका कार्य गर्ने र सो को कार्यान्वियनको समय र खाका सहित संघर्ष समितिसँग सहमति गरिनु पर्ने र सो को सुनिश्चितता भएको अवस्थामा मात्र पानी पथान्तरण कार्य सुरु गर्न उचित हुने देखिएको"* भनी स्थानीय बाढी पिडितहरुको माग भएकोले सो सम्बन्धमा तत्काल गर्न सकिने कामहरु र दीर्घकालीन रुपमा पुरा गर्नुपर्ने मागहरुलाई वर्गीकरण गरी तपसिल बमोजिमको खानेपानी मन्त्रालयको तर्फबाट खानेपानी मन्त्रि, हेलम्बु गाउँपालिका र हेलम्बु गाउँपालिकाभित्र क्रियाशिल राजनितिक दल र मेलम्ची खानेपानी बाढि पिडित संघर्ष समिति बिचमा यो सम्झौता गरिएको छ।

- हेलम्वु गाउँपालिकाको प्रत्येक वडाको मुल सडकहरू कालोपत्रेका लागि विशेष प्राथमिकतामा राखि आगामी आ.व. को संघीय सरकार तथा प्रदेश सरकारको वजेट कार्यक्रममा समावेश गरी कार्यन्वयन गर्ने व्यवस्था मिलाउने।
- वाढीले बगाएका मेलम्ची पुल, चनौटे रातो पुल, कात्तिके पुल, घट्टेखोला पुल, हल्दे पुल, तिम्बु पुल, नाकोते पुल लगायतका पुलहरु पुन निर्माण गर्नुपर्ने र तालामाराङ भट्टार पुल, गोरेखोला पुल र सर्कथली पुल निर्माण गर्नलाई सम्वन्धित निकायमा पहल गर्ने ।
- बाढीले बगाएका चिउरीखर्क ओडारे, तिम्वु ढोरोसिंह, थापाटार-भाङटार/माहङ्काल, तारुकेबाट ज्यामिरे, शेराचौकीबाट पाल्चोक शेरा र ग्याल्थुमबाट पाल्चोक गैरीवेशी झोलुङ्गे पुलहरू यथाशिघ्र छिटो निर्माणका लागि सम्वन्धित मन्त्रालय मार्फत विशेष पहल गरी बजेटको व्यवस्था गर्ने।
- बाढीका कारण क्षती भएका घर तथा व्यवसाय स्थापित भै सकेपछि त्यस्ता घर तथा व्यवसाय विमाको लागी सम्वन्धित निकायमा आवश्यक पहल गर्ने साथै बाढि बाट पिडित भएका घर परिवारका सदस्यको वीमाको लागी समेत पहल गर्ने ।
- श्री सरस्वती उच्च मा वि र मेलम्ची भ्याली क्यम्पस संरक्षण गर्ने ।
- दीर्घकालीन यातायातका लागि देशको राजधानीसंग सवैभन्दा छिटो मध्यपहाडी लोकमार्ग, भविष्यमा गएर निर्माण हुने हिमाली लोकमार्ग, मेलम्ची खानेपानीको ३ वटै मुहानहरूमा पुग्न सहज हुने देखिएको हुँदा निम्न सूरुङहरुलाई मेलम्ची खानेपानी आयोजनाको All Weather सडकको रूपमा समावेश गरी तपसिल अनुसारका सुरुङ मार्ग निर्माणका गरी संचालनमा ल्याउनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने सहमती भयो।

  क) हेलम्वु अम्वाथान-याङ्ग्री, ख) साखु-फटकेश्वर, ग) सुन्दरीजल-हैवुङ
- हेलम्वु गाउपालिका वडा नं. २ र ४ को वडा कार्यालयहरूको भवन निर्माण गर्न यथाशिघ्र बजेट सुनिश्चित गर्न सहरी विकास मन्त्रालयमा अनुरोध गर्ने।
- हेलम्वु ग्रेटट्रेललाई आगामी आ.व. को बजेट मार्फत निर्माण कार्यलाई तीव्रता दिनका लागि संघीय पर्यटन मन्त्रालय र प्रदेश पर्यटन मन्त्रालय मार्फत पहिलो प्राथमिकतामा राखी कार्यन्वयन गर्न विशेष पहल गर्ने सहमती भयो।
- हिउदको समयमा नदीमा छाड्ने पानी विगतमा दैनिक १७ करोड लिटर पानी पथान्तरण गर्ने भनिएता पनि हाल जलवायु परिवर्तनका कारणले नदीमा पानीको परिमाण घटेको हुनाले खेती किसानीका लागि वातावरणीय प्रभाव मुल्याङ्कनमा औल्याइएको आधारमा

आवश्यक पानी छाडेर मात्र काठमाडौं पानी पथान्तरण गर्ने र अबको अम्वाथान याङ्ग्रीको ९ कि.मि. सुरुङ निर्माण गर्दा सो बाट निस्केको मकिङलाई वातावरणीय प्रभाव मुल्याङ्कनमा औंल्याइएको आधारमा व्यवस्थित गर्ने।

- हेलम्बु गाउँपालिका भित्रको ह्याङ्ला आनी आपाङ कृषि सडक स्तरउन्नती गर्ने।

माथी उल्लेखित दीर्घकालीन मागहरु सहित आवश्यकता अनुसारका सडक, भवन, सिंचाई, नदी, तटबन्ध लगायतका भौतिक निर्माणका कार्यहरु सम्बन्धि दीर्घकालिन समस्या समाधानको लागी खानेपानी मन्त्रालयका सचिवज्यूको नेतृत्वमा सम्बन्धित सरोकारवाला मन्त्रालयका योजना महाशाखाका सहसचिवहरु, बाढी पिडित संघर्ष समिति र स्थानीय तहका प्रतिनिधिहरु रहने गरी एक समिति गठन गर्ने र सो समितिले तत्काल गर्नुपर्ने कामहरु तत्काल अगाडी बढाउने र दीर्घकालमा गर्नुपर्ने कार्यहरु आगामी आ.व. हरुमा प्राथमिकताका आधारमा आयोजनाहरु समावेश गरी कार्यान्वयन गर्न सम्बन्धित निकायमा पहल गर्ने सहमती भयो।

आजैका मिती देखि बाढी पिडित सघर्ष समितीबाट आन्दोलनका सवै कार्यक्रम हाल लाइ स्थगन गर्ने र काठमाण्डौ उपत्यकामा पानी पथान्तरण गर्नको लागी मेलम्ची खानेपानी विकास लाइ सहयोग गर्ने सहमति भयो।

पासाङ लामा
अध्यक्ष मेलम्ची खानेपानी बाढीपिडित संघर्ष समिति

छिरिङ ग्याल्बु लामा
सचिव
मेलम्ची खानेपानी बाढीपिडित संघर्ष समिति

निमा ग्याल्जेन शेर्पा
अध्यक्ष हेलम्बु गाउँपालिका

प्रदिप यादव
माननीय मन्त्री
खानेपानी मन्त्रालय

हेलम्बु गाउँपालिकामा क्रियाशिल राजनिति दलका प्रमुखहरू:

१. राजकुमार भण्डारी, सभापती, नेपाली कांग्रेस
२. बेन बहादुर पण्डित, अध्यक्ष, नेकपा एमाले
३. विश्वराम गुरागाइ, प्रतिनिधि, नेकपा माओवादी
४. राम बाबु सापकोटा, प्रतिनिधि, रा.प्र.पा

इति सम्वत २०८१ साल आश्विन २१ रोज ०२ शुभम

बाढी पिडित समस्या सामाधानका लागि तत्काल गर्नुपर्ने कामहरु:

१) मेलम्ची नदी हेलम्बुबाट पानी पथान्तरण पछि सुन्दरीजलमा प्राप्त हुने पानीको परिमाणको आधारमा काठमाणडौ उपत्यका खनेपानी लिमिटेडले बिक्रि गरेवापतको मुल्यको २५ प्रतिशत हेलम्वु गाउँपालिकाको विकासका लागि उपलब्ध गराउनु पर्ने स्थानियको माग रहेकोमा मन्त्रलाय र सरोकारवाला निकायहरु बीच पून छलफल गरि ३ महिनाभित्र टुङ्गयाउने सहमती भयो।

२) हेलम्बु मेलम्ची एकिकृत जलाधार तथा क्षेत्र विकास परियोजना गठन गरी कार्यान्वयन गर्न यथाशिघ्र मन्त्रिपरिषदमा प्रस्ताव पेश गरी कार्यन्वयन मा ल्याउनल स्थानिय सरकार र खानेपानी मन्त्रालयले पहल गर्ने सहमती भयो।

३) आयोजना पुनर्निर्माण तथा स्थानीय यातायातका लागि बाहै महिना संचालन गर्ने किसिमको तपसिलका सडकहरुको निर्माणको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा स्रोत सहमतीको प्रस्ताव पेश गर्ने गरी अवको ३ महिनाभित्र वहुवर्षिय ठेक्का प्रक्रिया अगाडि बढाउने गरी खानेपानी मन्त्रालयले जिम्मेवारी लिने सहमती भयो।

तपसिल:

क) मेलम्ची -किउल- तिम्वु-मेलम्चीघ्याङ सडक

ख) सुन्दरीजल —पाटिभन्ज्याङ-कुटुमसाङ-अम्बाथान-मेलम्ची हेडवर्क सडक

नोट: सडक विभागबाट यी दुईवटा सडकका लागि चालू आ.व. २०८१।८२ मा रु. १ करोड ७१ लाख दरले बजेट बिनियोजन भइसकेकोले सो सडकहरुलाई प्राथमिकतामा राखी यथासिघ्र छिटो निर्माण कार्य सम्पन्न गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत थप बजेटको व्यवस्था गरी बहुबर्षिय योजना स्विकृत गराई तत्काल कार्यान्वयन गर्न समिति र मन्त्रालयबाट पहल गर्ने।

४) घर पूर्णरुपमा क्षति भएका बाढी पिडितहरुलाई तत्काल घर पूनः निर्माण गर्न नेपाल सरकार प्राकृतिक प्रकोप पूनः निर्माण मापदण्ड बमोजिमको ५ लाख रकम गृह मन्त्रालय मार्फत उपलब्ध गराउने प्रावधान रहेकोमा र हेलम्बुमा ३ सय भन्दा माथि घरहरू एकैपटक प्रभावित भएको हुँदा घर, खेत बगाएको हुनाले ५ लाखले मात्र घर निर्माण गर्न असम्भव रहेको हुनाले देशकै राजधानीको राष्ट्रिय गौरवको आयोजनाको मुहान रहेको क्षेत्र भएको र स्थानियहरूको मेलम्ची खानेपानीकै कारण ठुलो क्षति भएको भनी दावी गरिरहेको हुँदा विपद प्राधिकरण मार्फत सबै बाढि पिडितहरूको घर पुनःनिर्माणका लागि रु २० लाख ३ महिना भित्र उपलब्ध गराउनका लागि विशेष पहल गर्ने सहमती भयो।

५) बाढी पहिरोको कारणबाट क्षति भएका घर,टहरा, उधोगहरुको विवरण नेपाल प्रहरी र स्थानिय सरकारको रेकर्डको आधारमा व्यवसाय हेरी स्थानिय तहको सिफारिस अनुसार रु. ५लाख देखि रु.२५ लाख सम्म विना धितो स्थानिय सरकारको सिफारिसको आधारमा शुन्य देखि ३ प्रतिशत ब्याजदरमा कृषि व्यवसाय र घरेलु उद्योगलाई ऋण उपलब्ध गराउन कानुन अनुसार मेलम्ची खानेपानी विकास समिती र खानेपानी मन्त्रालयले सम्बन्धित निकायमा विशेष पहल गर्ने।

६) २०७८ असार १ गते तथा श्रावण १६ र १७ गते मेलम्ची नदीमा आएको बाढीको कारण मृतकका परिवारलाई दिने क्षतिपूर्ति बापतको आर्थिक राहत को लागी नेपाल प्रहरी र स्थानिय सरकारको रेकर्डको आधारमा रु. २ लाख उपलब्ध भैसकेको अवस्थामा थप रकम रु. ८ लाख क्षतिपूर्ति तत्काल मृतक परिवारलाई ३ महिना भित्र उपलब्ध गराउन खानेपानी मन्त्रालय मार्फत गृह मन्त्रालयमा पहल गर्ने।

७) वाहुनेपाटिको घर जग्गाको भाडाको हकमा यथाशिघ्र छिटो उपलब्ध गराउने र सिएमसिबाट पिडित स्थानिय व्यवसायी (Local Vendor) को हकमा रकम उपलब्ध गराउन कानुन बमोजिम यथाशिघ्र छिटो पहल गर्ने ।

८) २०७८ असार १ गते तथा श्रावण १६ र १७ गते मेलम्ची नदीमा आएको बाढीको कारण जोखिममा परेका तपसिल वमोजिमका बस्तीहरुको संरक्षण गर्न खानेपानी मन्त्रालय/मेलम्ची खानेपानी विकास समितिले अन्य मन्त्रालय तथा निकायहरुसँग समन्वय गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा सुनिश्चतताको लागी पहल गर्ने।

<u>तपसिलः</u>

- हल्दे र तिम्बु बस्ती – हेलम्बु-१
  तारुके बेशी र थापाटार– हेलम्बु – ६
- चनौटे बजार – हेलम्बु – ७
- ग्याल्थुम र ढुंग्रे बजार – हेलम्बु – ४
- गैरीवेशी – हेलम्बु – ३
- दोरीङ- हेलम्बु – १
- पाल्चोक वेसी – हेलम्बु – ३
- रातोपुल बस्ती - हेलम्बु – २
- मुक्तीटार बस्ती – हेलम्बु -२
- ज्यामीरे सहकारी चोक बस्ती – हेलम्बु – २
- कविकुञ्ज बस्ती – हेलम्बु – २
- चिउरीखर्क बस्ती – हेलम्बु – १

- दाना बस्ती –हेलम्बु –१
- तालामाराङ –हेलम्बु–४
- सर्कस्थली–हेलम्बु–१

९) हेलम्बु गाउँपालिका भवन निर्माणको लागि यस आ.व. मा रु. १ करोड विनियोजन भएकोले थप रकम सहित स्रोत सुनिश्चितताको लागि खानेपानी मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा १ हप्ता भित्र प्रस्ताव पेश गर्ने र प्रशासनिक भवन निर्माणको जिम्मेवारी मेलम्ची खानेपानी विकास समितिले लिने सहमती भयो।

१०) हेलम्बु मेलम्ची नदी तटबन्ध निर्माण कार्यको लागि जलस्रोत तथा सिंचाई मन्त्रालयसँग समन्वय गरी सोही मन्त्रालय मार्फत स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा पेश गर्ने।

<u>दीर्घकालीन रुपमा गर्नुपर्ने मागहरु</u>

तपसिल बमोजिमका कार्यहरु गर्नको लागि सम्बन्धित निकाय र मन्त्रालयहरुसँग थप समन्वय र सहकार्य गरी यथाशिघ्र छिटो कार्यान्वयनको लागि खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी विकास समितिले सुनिश्चितताका लागि पहल लिने।

- स्थानीय स्तरमा ऋण लिई व्यवसाय गरिरहेकाहरुले लिएको बैंक तथा वितिय सस्थाबाट लिएको ऋण मिनाहा गर्न र विद्युत महशुल जरिवाना सहितको मिनाहा गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
- हेलम्बु गाँउपलिकामा प्राविधिक इन्जिनियरिङ कलेज स्थापना गर्न संघिय शिक्षा मन्त्रालय मार्फत हुनेगरी विशेष पहल गर्ने।
- हेलम्बु गाउँपालिकाका जोखिममा रहेका सार्वजनिक संरचाना, घर, बस्ती सुरक्षा सम्बन्धि एकीकृत विकास कार्यक्रम तथा नयाँ शहरका रूपमा विकास गरी तत्काल अध्ययन कार्य अगाडि बढाउनका लागि शहरी विकास मन्त्रालय मार्फत हुनेगरी विशेष पहल गर्ने।
- २०७८ असार १ गते र साउन १६ र १७ गतेको बाढीले बगरमा परिणत भएको जग्गामा सो ठाउँहरूमा भविष्यमा गएर फेरी व्यक्तिले संरचना निर्माण तथा खेतीपाती गर्ने कार्य गर्ने हुँदा यस्तो खालको विपदहरू पुन दोहोरीने देखिएको हुँदा स्थानीयको जग्गा संघिय सरकारले स्वामित्वमा लिइ दुवै पक्षको सहमतीमा तत्कालिन दररेटमा मुआब्जा उपलब्ध गराउने व्यवस्थाका लागि विशेष पहल गर्ने।
- गोल्फुभञ्ज्याङ-चित्रे-ग्याल्थुम सुरुङ-चनौटे रातोपुल-पाल्चोक देवीथान-लावगाउँ-बाँसखर्क-वरुवा-याङ्ग्री-वैकल्पिक सडकको आवश्यक प्रक्रिया सुरु गर्ने।